महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

## *भ्रष्टाचार नियन्त्रणका लागि राजनैतिक शुद्धता : प्रधानमन्त्री*

**२०७५ श्रावण १५ गते, मंगलबार**

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको समुपस्थितिमा माननीय महालेखापरीक्षक, नेपाल सरकारका मुख्य सचिव, संघीय संसद सचिवालयका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लगायत नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुको सहभागितामा आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण योजना सम्बन्धी बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहरबारमा सम्पन्न भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले आर्थिक कारोबारमा रहेका कानुनी जटिलता र वित्तीय अनुशासनका सम्बन्धमा आफ्नो धारणा राख्दै बढ्दो बेरुजूले सार्वजनिक प्रशासनमा रहेको आर्थिक अनुशासनको स्तर मापन हुने उल्लेख गर्नुभयो । सो क्रममा उहाँले समग्र मुलुकी प्रशासनको आर्थिक कारोबारमा शुद्दता, स्वच्छता र पारदर्शिता कायम गर्न राजनैतिक नेतृत्वको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै यसका लागि राजनैतिक नेतृत्व समेतमा स्वच्छता र पारदर्शिताको मात्रामा वृद्धि हुनुपर्ने बताउनुभयो । मुलुकको समृद्धिका लागि वित्तीय अनुशासन कायम र सेवा प्रवाहमा सुधार गर्ने विषयमा नतिजामुखी कार्य गर्न उहाँले नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिनुभयो ।

त्यस क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सार्वजनिक निकायमा रहेको बेरुजू फछ्र्यौटमा तदारुकता देखाई आगामी दिनमा बेरुजू सिर्जना हुन नदिने अवस्था निर्माणका लागि ध्यानाकर्षण गराउदैं बेरुजूभित्र रहेका गम्भीर प्रकृतिका भ्रष्टाचारजन्य क्रियाकलाप पहिचान गरी कारबाही गर्न तथा महालेखापरीक्षकको प्रतिवेदन कार्यान्वनमार्फत् जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई बेरुजू फछ्र्यौट गर्न निर्देशन दिनुभयो ।

उक्त अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनले औंल्याएका प्रमुख व्यहोरा प्रस्तुत गर्दै मुलुकको वित्तीय अनुशासनको विद्यमान स्थितिमा सुधार गरी नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

धारणा राख्नुभयो । त्यसैगरी उहाँले विकास निर्माण, राजस्व आम्दानी र खर्च, सेवा प्रवाह लगायत वित्तीय प्रशासनका विविध पक्षमा देखिएका कमजोरी सुधारका लागि महालेखापरीक्षकको प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारण राख्दै गुणस्तरीय लेखापरीक्षण सेवा मार्फत् सार्वजनिक कोषको संरक्षण र उपयोग तथा बदलिंदो परिवेशमा समृद्ध नेपाल, सुखी नेपालीको मूल नारा हासिल गर्ने नेपाल सरकारको लक्ष्यलाई सुगम बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७५ मा उल्लेख भएका विविध पक्षमा छलफल भएको थियो । उक्त योजना अनुसार कार्यालयले संघ, प्रदेश र स्थानीय तहको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण २०७५ श्रावण १५ देखि माघ मसान्तसम्म ३ चरणमा सम्पन्न गरी चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष बार्षिक प्रतिवेदन पेश गर्ने कार्य तालिका निर्धारण गरिएको छ ।

२०७५।४।१५

..................

विश्वनाथ रेग्मी

प्रवक्ता/नायव-महालेखापरीक्षक